# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
## भेरी नगरपालिका
## जाजरकोट




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)


पत्र संख्या:२०७६/७७
च.नं - ६१

मिति: २०७७/३/२८

श्री नगरप्रमुखज्यू,
भेरी नगरकार्यपालिकाको
कार्यालय, खलंगा, जाजरकोट ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

## महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रर्वद्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन। त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन। स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन्।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ अषाढ २८ गते।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)


पत्र संख्याः २०७६।७७
च.नं. – ६९

मितिः २०७७।३।२८

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
भेरी नगरकार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले भेरी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य विवरणले स्थानीय तह सङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु ९४ लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १२ लाख २ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २९ लाख ३९ हजार नियमित गर्नुपर्ने रु. ४६ लाख २६ हजार पेश्की बाँकी रु ७ लाख १८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०५।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरु हटाई कायम कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २१(एक्काईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिकाको प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विपेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक


email : oagnep@ntc.net.np, info@oag.gov.np
Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

**श्री भेरी नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन, २०७५।७६**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अर्न्तगत १३ वडा ६८ जना नगरसभा सदस्य, २१९.७७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३३५१५ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२  वमोजिम भेरी नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरूको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | ४०८२९५९८१.१० |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | ११३४७८१८६.७६ |
| | ख) बैंक | ४७९२९१३३.१५ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| | ग) विपद कोष अ.ल्या. | ३४१०२८.०० | | क) ऋण भुक्तानी | |
| | घ) धरौटी अ.ल्या. | ०.०० | | ख) ब्याज भुक्तानी | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | ग) अन्य भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ९२०७४८७.६० | | | |
| | ख) राजस्व बाँडफाँड | ७०७८२५७३.८१ | | | |
| | ग) अन्य आय | ०.०० | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ऋण लगानी | |
| | क) वित्तीय समानीकरण अनुदान | ११४८००००.०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | २४३८०१६८१.६० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | २१४१३०००.०० | ५ | **धरौटी फिर्ता** | ४४२३७.०० |
| | घ) सामाजिक सुरक्षा अनुदान | ५१३४६२००.०० | ६ | **स्थानीय विपद कोष खर्च** | ५१००८३३.०० |
| | ङ) बहुक्षेत्रीय पोषण कार्यक्रम | १७४९०००.०० | | | |
| | च) प्रधानमन्त्री स्वरोजगार कार्यक्रम | ५८४००००.०० | | | |
| | छ) पर्यटन पूर्वाधार कार्यक्रम | ५०००००० .०० | | | |
| | ज) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९३०६०००.०० | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **मौज्दात** | |
| | क)वित्तीय समानीकरण अनुदान | ५३३१०००.०० | | क) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | ०.०० | | ख) बैंक मौज्दात | ६९६७२७८३.३० |
| | ग) समपूरक अनुदान | २१३५८७५.०० | | ग) धरौटी मौज्दात | १३५३७५८.०० |
| | घ) विशेष अनुदान | | | घ) स्थानीय विपद कोष मौज्दात | ८९०१९५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ङ) प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५००००.०० | | | |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | |
| **६** | जिविस अनुदान | १७५००००.०० | | | |
| **७** | सडक बोर्ड नेपाल | ७५००००.०० | | | |
| **८** | विभिन्न कोषतर्फको आय | | | | |
| | क) स्थानीय विपद व्यवस्थापन | ५६५००००.०० | | | |
| **९** | धरौटी आय | १३९७९९५.०० | | | |
| | **जम्मा** | **५९८८३५९७४.१६** | | **जम्मा** | **५९८८३५९७४.१६** |

<table>
<tr><th>दफा नं</th><th>देखिएको व्यहोरा</th><th>रकम रु</th></tr>
<tr><td>१.</td><td>संविधान कार्यान्वयन:नेपालको संविधान, २०७२ को अनुसुची ८ र ९ मा व्यवस्था भएका एकल अधिकार तथा साझा अधिकार कार्यान्वयनमा अध्ययन गर्दा आ.ब. २०७५।०७६ को अन्तसम्म अन्य विषयमा नगरपालिका प्रवेश गरी ऐन, नियम र कार्यविधि निर्माण तथा निर्माणको शुरुवात गरेतापनि निम्न विषयमा नगरपालिकाले उल्लेखनिय प्रगति गरेको देखिएन । संविधानले प्रदान गरेका अधिकार र कार्यक्षेत्रमा आफ्नो काम र कर्तव्यलाई व्यवस्थित गरी कार्यान्वयनमा ल्याउन आवस्यक कानून बनाई समृद्ध नेपाल निर्माणमा नगरपालिका अंझै सकिय हुनुपर्ने देखियो ।<br><u>प्रवेश नगरेका विषयवस्तु:</u>
<table>
<tr><th>सि.नं</th><th>विषय</th><th>नभएको</th></tr>
<tr><td>१</td><td>नगरप्रहरी को व्यवस्था</td><td>नभएको</td></tr>
<tr><td>२</td><td>स्थानीय अभिलेख व्यवस्थापन</td><td>नभएको</td></tr>
<tr><td>३</td><td>एफ एम सन्चालन</td><td>नभएको</td></tr>
<tr><td>४</td><td>स्थानीय तथ्यांक र अभिलेख संकलन</td><td>नभएको</td></tr>
<tr><td>५</td><td>घर जग्गा धनी पूर्जा वितरण</td><td>नभएको</td></tr>
<tr><td>६</td><td>खानी तथा खनिज</td><td>नभएको</td></tr>
<tr><td>७</td><td>पुरातत्व, प्राचिन स्मारक र संग्रहालय</td><td>नभएको</td></tr>
<tr><td>८</td><td>सुकुम्बासी व्यवस्थापन</td><td>नभएको</td></tr>
</table></td><td></td></tr>
<tr><td>२.</td><td>आन्तरिक लेखापरीक्षण: स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ ले स्थानिय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था गरेकामा कार्यालयले आफनै आन्तरिक लेखापरीक्षक र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट आन्तरिक लेखापरीक्षण गराएता पनि प्रतिबेदन लिई देखिएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्योट गराई अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्नु पर्नेमा आन्तरिक लेखापरीक्षणमा देखिएका कैफियतमा सुधार गरि अन्तिम लेखापरीक्षण अगावै आवस्यक कारवाही गरी फछ्र्योट कोलागि श्रेस्ता पेश गरेको पाईएन । यसवाट आन्तरिक नियन्त्रण प्रणालीमा कार्यालयले प्राथमिकता दिएको पाईएन । यसमा सम्बद्ध पक्षले ध्यान पुरयाउन आवस्यक देखियो ।</td><td></td></tr>
<tr><td>३.</td><td>भवन निर्माण: नगरपालिकाको भवन निर्माणको विस्तृत आयोजना प्रतिवेदन अनुसार ६ तल्लाको कार्यालय भवन निर्माणका लागि ९ करोड लागत अनुमान तय भएकोमा प्रथम प्याकेज अर्न्तगत पहिलो २ तल्ला निर्माणको रु ३,८८,००,०००।०० लागत अनुमानमा ठे.नं NCB/BHERI/W2 ०७३।७४ अर्न्तगत रु ३,७०,००,०००।०० मा गाल्वा खड्का कृष्ण जे.भी. काठमाण्डौसंग मिति २०७६।३।३२ मा कार्यसम्पन्न गनुपर्ने गरी मिति २०७४।३।२९ मा सम्झौता भएको देखियो । भवन निर्माणको प्रगती विष्लेषण गर्दा वित्तीय प्रगती ५०.२९ प्रतिशत हुंदा हालसम्म रु १ करोड ८६ लाख ८ हजार खर्च भएको देखिन्छ। नगरसभाको मिति २०७६।३ । १० को निर्णयानुसार मिति २०७६।९।३० सम्म म्याद थप भएको र निर्माण कार्य भईरहेको देखियो । निर्धारित मितिमा कार्यसम्पन्न गर्न कार्यपालिकाले निर्माण कार्यको अनुगमनलाई प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>बोलपत्र तुलना र कबोल अंक
<table>
<tr><th>कार्यक्रम</th><th>लागत अनुमान</th><th>स्वीकृत रकम</th><th>घटी । बढी</th></tr>
<tr><td>रानागाँउ नेटी वजार सडक</td><td>२,५७,१९,४००</td><td>१,२३,९१,९६९</td><td>-४८.१८ %</td></tr>
</table>
उपर्युक्त ठेक्काको यती ठुलो परिमाणमा घटी गरी स्वीकृत भएको देखिएकोले निर्धारित समय र मितिमा सम्पन्न गराउन प्रभावकारी कदम चालिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>स्थानीयतहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गांउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिमहुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ ।</td><td></td></tr>
</table>

उक्त ऐनमा भएको व्यवस्थाअनुसार नगरपालिकाले देहायबमोजिम रु. ९०,९०,०००।०० सुविधावापत भुक्तानी भएको छ

| सि.नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडाअध्यक्ष १३ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३६००० | ३०००० | २६०००० | ८८००० | २७०००० | ६८४००० |
| २ | सञ्चार सुविधा (मासिक दरमा) | २००० | १५०० | १३००० | ० | ० | १६५०० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | ० | ० | ० | ० | ० | ० |
| ४ | खाजाभत्ता (मासिक) | ० | ० | ० | ० | ० | ० |
| ५ | पुस्तकपत्रपत्रिका (मासिक) | ० | ० | ० | ० | ० | ० |
| ६ | अनुगमनभत्ता (मासिक) | ० | ० | ० | ० | ० | ० |
| ७ | खानेपानी, बिजुलीमहसुल (मासिक) | ० | ० | ० | ० | ० | ० |
| ८ | सरसफाई, मर्मत (मासिक) | ० | ० | ० | ० | ० | ० |
| ९ | अतिथि सत्कार (मासिक) | ० | ० | ० | ० | ० | ० |
| १० | यातायातखर्च (मासिक) | ० | ० | ० | ० | ० | ० |
| | **मासिक जम्मा** | ३८००० | ३१५०० | २७३००० | ८८००० | २७०००० | ७००५०० |
| | **बार्षिक** | ४९२००० | ४०८००० | ३५३६००० | ११४४०० | ३५१०००० | ९०९०००० |

कर्णाली प्रदेशमा यातायात तथा संचार सुबिधा स्थानीय तहको आन्तरिक स्रोतको आधारमा दिईने व्यवस्था रहेको छ । साथै सरकारी सेवाबाट अवकाश लिई निवृत्तिभरण पाईरहेको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित भएमा मासिक सुविधा वा निवृत्तिभरणमध्ये एउटामात्र रोज्न पाउने व्यवस्था गरिएको छ । सोही बमोजिम पदाधिकारी सुविधा प्रदान गरिनुपर्दछ ।

६. **नगरसभावाट पारित कानुन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा उपदफा २ मा उक्त ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने तथा उपदफा ३ मा नगरपालिकाले उपदफा १ र २ मा बनाएको ऐन राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । साथै उपदफा ५ मा उपदफा ३ बमोजिम कुनै कानुन राजपत्रमा प्रकाशन नभएसम्म लागु नहुने व्यवस्था छ । यस नगरपालिकाले उपलव्ध गराएको बिवरण अनुसार २०७६ आषाढ मसान्त सम्म भेरी नगर पालिकाको प्रशासकिय कार्यबिधि नियमित गर्ने ऐन २०७४ लगायतका बिभिन्न ३५ कानून, कार्यबिधि तथा नियमावली तयार गरी नगर सभा तथा कार्यपालिकावाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरीकार्यान्वयनमा ल्याएको पाईयो । अन्य आवश्यक कानूनहरू आ.व ०७५।०७६ मा बन्दै रहेको जानकारी छलफलमा गराएको छ ।

७. **साना आयोजना केन्द्रीत बजेटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउने कार्यविधि अर्न्तगत निर्माण कार्यको लागत अनुमान तयार गरि सम्बन्धित काम वा सेवाको प्रकृति परिमाण लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोने वा बेहोर्नुपर्ने रकम खुलाई प्रस्ताव लिई सम्झौता गरि कार्य गराउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समितिमार्फत गराएका आयोजनाको लागत अनुमान तयार गर्दा नगर सभावाट छुट्याईएको बजेटको आधारमा लागत अनुमान तयार गरि सोही कार्य मात्र सम्पन्न भएको जनाई भुक्तानी गरेको छ । यसरी कार्य गराउँदा निर्माण कार्यको कुल लागत, सम्पन्न गर्न लाग्ने समयावधि, तथा निर्माण कार्यको गुणस्तर नहुन सक्ने अवस्था रहन्छ । तसर्थ कुनै पनि निर्माण कार्य गराउँदा आयोजनाको कुल लागत अनुमान तयार गरी उक्त आयोजनालाई प्याकेजको रुपमा निर्धारित लागतमा तोकिएको समयावधिमा पुरा गरि गुणस्तरीयता अभिबृद्धि गरिनु आवश्यक देखिन्छ । यो वर्ष नगर सभाले पास गरेको बजेटको आधारमा लागत अनुमान तयार गरि संचालन गरेका आयोजनाहरू निम्नानुसार रहेको पाईयो । बजेट बांडफांडमा दिगो विकास र उत्पादकत्व बृद्धि गर्ने खालका ठुला आयोजना भन्दा साना टुके आयोजनाले प्राथमिकता पाएको देखियो । कुल आयोजना ३१५ मध्ये ६६ आयोजना रु १० लाख भन्दा कमका देखिएकोले आयोजना छनौटमा तहगत रुपमै विस्तृत छलफल तथा विश्लेषण गरी उपर्युक्त र ठूला आयोजनाको छनौट गरी दिगो बिकासलाई प्राथमिकीकरणका साथ कार्यान्वयन गरिनु पर्दछ ।

| क.सं | आयोजनाको लागत | कार्यक्रम | आयोजना | जम्मा |
|---|---|---|---|---|
| १ | ५ हजारदेखि ५० हजारसम्मका | ज्ञढ | ड | द्दठ |
| २ | ५१ हजारदेखि १ लाख सम्मका | घट | ज्ञज्ञ | द्धठ |
| ३ | १ लाख १ हजार देखि ५ लाखसम्मका | ज्ञद्द | घछ | द्धठ |
| ४ | ५ लाख १ हजार देखि १० लाखसम्मका | ज्ञज्ञ | छछ | टट |
| ५ | १० लाख १ हजार देखि १५ लाखसम्मका | द्द | छघ | छछ |
| ६ | १५ लाख १ हजार देखि २० लाखसम्मका | द्द | घण | घद्द |
| ७ | २० लाख १ हजार देखि २५ लाखसम्मका | ज्ञ | द्दद्द | द्दघ |
| ८ | २५ लाख १ हजार देखि ३० लाखसम्मका | ण | ज्ञघ | ज्ञघ |
| ९ | ३० लाख १ हजार देखि ३५ लाखसम्मका | ण | घ | घ |
| १० | ३५ लाख १ करोड भन्दा माथि | ण | द्द | द्द |
| | **जम्मा** | **डघ** | **द्दघद्द** | **घज्ञछ** |

८. **न्याय सम्पादन:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ मा व्यवस्था भएको न्यायिक समितिमा गत वर्षको १ मुद्धा फछ्यौट हुन बाँकी रहेकोमा यो वर्ष १० वटा मुद्दा विवादको निरुपणार्थ निबेदन दर्ता भएकोमा ६ वटा उजुरी न्यायीक समितिबाट फछ्यौट भई ५ उजुरी फछ्यौट हुन बांकी देखियो । समयमै विवादको निरुपण गरी किनारा लगाउनु पर्दछ ।

९. **सभाको निर्णयाधार :** कुनै पनि विषयवस्तुका निर्णय गर्नुपुर्व निर्णयको आधार र कारणहरू खुलाउनु पर्ने प्रशासनिक सामान्य सिद्धान्तमा पर्दछ । यस नगरपालिकाको प्रत्येक बजेट सभामा अघिल्लो सभाले गरेका निर्णय लगायतका बिषयमा कार्यपालिकाले गरेका तथा मातहतका निकाय र समितिले गरेका निर्णयलाई एकमुष्ठ अनुमोदन गर्ने निर्णय गरेको पाईएकोले यस्ता निर्णय गर्नु पूर्व निर्णय गर्नुपर्ने कारण र आधार नखुलाई एकमुष्ट समर्थन भएकोले सभाले त्यस्ता निर्णय गर्नु पुर्व आधार, कारण र विषयवस्तु खुलाउनुपर्ने देखिन्छ ।

१०. **आयोजना फरफारक :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४(२) ङ वमोजिम नगरपालिकाका सम्पन्न आयोजनाहरूको फरफारकको लागि प्रतिबेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने कर्तव्य प्रमुख प्रशासकिय अधिकृतलाई तोकिएको भएता पनि यो बर्ष सम्पन्न भएका आयोजनाको बिवरण तयार गरी प्रमुख प्रशासकिय अधिकृतले कार्यपालिकामा पेश गरी फरफारक गराएको छैन । लेखापरीक्षणको कममा विषय उठान पश्चात मात्र सो कार्य गरेकोले यस्ता विषयमा आयोजनाको अन्तिम भुक्तानी पुर्व यो कार्य भएमा आन्तरिक नियन्त्रण र पारदर्शिता अभिबृद्धि हुने देखियो ।

११. **आन्तरिक नियन्त्रण :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सन्चालन गर्न बित्तिय प्रतिवेदन प्रणलीलाई बिश्वासनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ आफनो कामको प्रकृती अनुसारको आन्तरिक नियनत्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेता पनि नगरपालिकाबाट उक्त व्यबस्था कार्यान्वयन गरेको पाईएन । ऐन को व्यबस्था कार्यान्वयन हुनुपर्दछ ।

- श्रोत साधनको संभावना तथा मूल्यांकन
- सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग संवोधन गरे नगरेको ।
- निर्धारित समयमा निर्माण सम्पन्न गर्ने नगरेको ।
- समयमा पेश्की फछ्र्यौट नगरेको ।

| | | |
|---|---|---|
| | • भ्रमण अभिलेख र भ्रमण अवधिको वास्तविकता । <br>• प्रशासनिक खर्चको सिमा निर्धारण नगरेको । <br>• अनुगमन प्रतिवेदन पूर्ण कार्यान्वयन भए नभएको अभिलेख नरहेको । <br>• काम नलाग्ने पूराना जिन्सीको लिलाम बिक्रि तथा मर्मत संभार नगरेको । <br>• योजना सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नभएको । <br>• बैंक मार्फत भुक्तानी भएकोमा लाभग्राहीको नाम नामेसी सहितको बैंक स्टेटमेन्ट उपलब्ध नगराएको । <br>• फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालननगरेको । <br>• प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको मर्मत तथा राफसाफ नगरेको <br>• जिन्सी निरिक्षण गराई प्रतिबेदन लिएकोमा प्रतिवेदनमा औंलाएका व्यहोरामा कारवाही नगरेको । | |
| १२. | **संसद विकास कोष** : <br>यस कोषबाट यो वर्ष कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान द्वारा विस्तारित शैक्षिक कार्यक्रम अन्तर्गत जाजरकोट स्कुल अफ हेल्थ एण्ड एलाईड साइन्सेसलाई रु. ५० लाख अनुदान वाँडफाँड गरेकोमा पालिका संग गरेको सम्झौता अनुसारको सामग्री खरिद दाखिला गरि रु. ४९,३९,५४९। भुक्तानी माग गरेको व्यहोरा अनुगमन गर्ने क्रममा उक्त संस्थाले ११२ वटा उपकरण मौज्दात नै नभएको अवस्थामा रकम माग गरेको देखिएकोले रु. ९,३८,७२६। अनुदान रकम कट्टा गरी रु. ३९,००,८२३। अनुदान उपलब्ध गराएको देखियो । यसरी फरक विवरण पेश गरी अनुदान माग गर्ने र खरिद सामाग्रीको सदुपयोग सम्वन्धमा नगरपालिकाबाट अनुगमनमा निरन्तरता दिनुपर्ने देखिएको छ । | |
| | **ब.उ.शि.नं. ३६५०१५३ सामाजिक सुरक्षा** | |
| १३. | **लाभग्राहीको विवरण अद्यावधिक कार्यः-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा (१३) नाम दर्ता र नविकरणवाट आगामी वर्षका लागि लाभग्राहीको विवरण प्रत्येक स्थानिय तहले फागुन मसान्तभित्र विभागले संचालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली(एम आइ एस) मा अनिवार्य रुपमा प्रविष्टी गरि नाम दर्ता तथा प्रमाणिकरण र नकिरण समेत गरी विभागमा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाको १३ वटा वडाको सामाजिक सुरक्षा भत्ता सम्बन्धि लगत अद्यावधिक गरी एम आई एस वाट भरपाई प्रिन्ट निकाली सोही बमोजिम लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरेकोमा कहिलेकाही लगत कट्टा गरेको लाभग्राहीको समेत भरपाई प्रिन्ट भई दोहोरो पर्न जाने देखिएको छ । <br>नगर पालिकाले आफ्नो कार्यक्षेत्र भित्रका सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको अध्यावधिक अभिलेख तयार नगरेको कारण पेश भएको बितरित भरपाईवाट मात्र खर्च रकम को बास्तबिकतामा आस्वस्त हुन सक्ने अवस्था रहेको पाईएन । तसर्थ एम आई एस प्रणालीको विश्वसनियता कायम गर्नका लागि उक्त प्रणालीको जांच तथा स्थानिय स्तरमा तथ्यांक अद्यावधिक गरीसामाजिक सुरक्षा भत्ता वितरणलाई वस्तुनिष्ठ र प्रभावकारी वनाइनु आवश्यक देखिन्छ । | |
| १४. | **नामावली सार्वजनिकः**सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि), २०७५ नियम ३० अनुसार स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक र वार्षिक विवरण अद्यावधिक गरी एम आई एसमा प्रविष्टी गर्नुपर्ने र भुक्तानी रकम र बुझिलिनेहरूको नामावली स्थानिय तहका कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालीकाले यो वर्ष उक्त विवरण सार्वजनिक गरेको पाइएन । कार्याविधिको उक्त व्यवस्था को पालना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी गराइनुपर्दछ । | |
| १५. | **बैंक मार्फत भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरणलाई बैंकिङ्ग प्रणाली मार्फत व्यवस्था गर्नका लागि कार्यविधिको दफा २२ अनुसार मन्त्रालयको स्वीकृती विना हातहातै नगद वितरण गर्न नपाईने व्यवस्था गरेको छ नगरपालिकाले मन्त्रालयको स्वीकृती वेगर सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिएकोले कार्यविधिको पालना गरिनुपर्दछ । | |

<table>
<tr><td></td><td>ब.उ.शि.नं. ३६५८४७३</td><td></td></tr>
<tr><td>१६.</td><td>गो.भौ.नं १०/०७६/३/२५प्रा.स. धन बहादुर बि.क.को नाममा रहेको पेश्की रु ५,३४,५००। पे.फ गरेकोमा पारिश्रमिक कर रु२२५०। र बहाल कर रु ७००। अग्रिम आयकर रु १३५०। गरी जम्मा रु ४३००। र पाँचवटा स्थलगत तालिम संचालन गरेको भनि प्रशिक्षक भत्ता तथा दैनिक भत्ता वापत निजलाई रु २३१९०। दोहोरो भुक्तानी गरेकोमा उक्त रकम असुल गरी राजस्व दाखिला हुनु पर्नेमा गरेको नदेखिएकोले उक्त रकम निजवाट असुल गरी दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु</td><td>२७,४९०.००</td></tr>
<tr><td></td><td>कार्यक्रमको नाम : साना सिंचाई कार्यक्रमः</td><td></td></tr>
<tr><td>१७.</td><td>औजार दाखिला :साना सिंचाई कार्यक्रम अन्तरगत तपसिलमा उल्लेखित सिंचाई कुलो निर्माण उपभोक्ता समितिहरूलाई उक्त योजना निर्माण गर्न चाहिने आवश्यक औजारहरू खरिद गरे वापत तपसिलमा उल्लेखित रकम भुक्तानी दिएकोमा उक्त औजारहरू योजना सम्पन्न भई सकेपछि नगरपालिकाको कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने भनी सम्झौतामा उल्लेख भएकोमा हालसम्म पनि औजारहरू हस्तान्तरण भई नआएकाले उक्त औजारहरू हस्तान्तरण गरी नियमित गर्ने अन्यथा असुल उपर गर्ने रु.....<br>तपसिल
<table>
<tr><th>सि.नं.</th><th>उ.स.को नाम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>छहरेखोला सिंचाई कुलो निर्माण भे.न.पा. २</td><td>२५,१८२.००</td></tr>
<tr><td>२</td><td>पुतली छहरा माझखेत सिंचाई कुलो निर्माण भे.न.पा. ६</td><td>४३,५४९.००</td></tr>
<tr><td>३</td><td>टोकेधारा सिंचाई कुलो निर्माण भे.न.पा. २</td><td>४४,६४२.००</td></tr>
<tr><td>४</td><td>राम्री बवियार सिंचाई कुलो निर्माण भे.न.पा. ६</td><td>५६,०१०.००</td></tr>
<tr><td>५</td><td>गैरीखेत सिंचाई कुलो निर्माण भे.न.पा. २</td><td>३०,८४४.००</td></tr>
<tr><td>६</td><td>घट्टेखोला सिंचाई कुलो निर्माण भे.न.पा. ७</td><td>२३,७२६.००</td></tr>
<tr><td>७</td><td>विरौटा सिंचाई कुलो निर्माण भे.न.पा. ३</td><td>४९,७११००</td></tr>
<tr><td colspan="2">जम्मा रु.</td><td>२,७३,६६४.००</td></tr>
</table></td><td>२,७३,६६४।</td></tr>
<tr><td></td><td>स्थानीय निकाय वित्तिय समानिकरण (पूँजिगत खर्च)</td><td></td></tr>
<tr><td>१८.</td><td>बिमा नगराएको: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु १० लाखभन्दा बढिको निर्माण कार्य गर्दा मेशीन औजार वा प्लान्ट लगाएतको वीमा गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले उपभोक्ता समितिमार्फत गराएका १० लाखभन्दा बढिका कुनै पनि निर्माण कार्यको विमा गराएको छैन । नियममा भएको व्यवस्था पालना गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>उपभोक्ता समितिबाट कार्य गराउने कार्यविधि :सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययी , गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारी सृजना र लाभग्राही समुदायनै सहभागि भएमा त्यस्तो काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ। साथै लागत अनुमान तयार गर्दा सहभागितामुलक तरिकाले काम हुन सक्ने आयोजनाको सोहि बमोजिम र नसक्ने आयोजनाको प्राविधिकको पुष्ट्यांई सहितको सिफारिसले मात्र मेसिनरी उपकरणको प्रयोग गरी कार्य गराउने व्यवस्था छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ ले उपभोक्ता समितिवाट काम गराउने व्यवस्था र कार्यविधि तोकेको छ । नियम ९७(२) ले र उपनियम ३ अनुसारको व्यहोरा खुलाई सम्झौता गर्नुपर्ने उपनियम ५ ले सम्झौता पश्चात भुक्तानीको व्यवस्था गरेको छ । उपनियम १० उपभोक्ता समितिले पाएको काम कुनै सव कन्ट्राक्टर तथा निर्माण व्यवसायीबाट गराउन नपाउने, उपनियम १२ ले सम्पन्न आयोजना हस्तान्तरण गर्नुपर्ने व्यवस्था भएकोमा निम्न आयोजना श्रेस्ता परीक्षणमा निम्न व्यहोरा देखिएको छ ।<br>यस नगरपालीकाबाट आर्थिक वर्ष २०७५।७६ मा सञ्चालन गरेका सडक निर्माणसँग सम्वन्धित आयोजना मध्येवाट केही आयोजनाको फाईल परीक्षण गर्दा निम्न व्यहोरा देखिएका छन ।<br>क)स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १३(१) मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला तथा महसुलको स्थानिय न्युनतम दररेट तोक्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले आफ्नो क्षेत्र भित्रको लागि यस्तो दररेट तोकेको पाईएन । दररेट नतोकेको अवस्थामा जिल्लाले निर्धारण गरेको दररेटलाई आधार लिई लागत अनुमान तयार गरी काम गराई रहेको पाईयो ।</td><td></td></tr>
</table>

ख). आयोजना छनौट पूर्व आयोजनाको कुल लागत अनुमान तयार तथा बिशलेषण नगरि नगरसभाबाट विनियोजित बजेटको आधारमा आयोजनाको लागत अनुमान तयार गरि सोही अनुसार कार्यान्वयन गरिएको छ ।
ग) लागत अनुमान तयार गर्दा मेशिनवाट काम गराउनु पर्ने प्रर्याप्त प्राविधिक पुष्ट्याँई र सिफारिस बेगर ठूला मेशिनरीको प्रयोग भएको छ । जिल्लाको दर रेट अनुसार प्रति घन मिटर निम्नानुसारको दर निर्धारण गरि सोही दरमा उपभोक्ता समितिले बिभिन्न निर्माण व्यावसायी तथा मेशिन मालिक सग मेशिन भाडामा लिई काम गराई भूक्तानी गरेको छ । यसले उपभोक्ता समिति आफै काम नगरी भुक्तानीको माध्यम मात्र बनेको अवस्था देखिएको छ ।
घ) प्राबिधिकले तयार गरी श्रेस्तासाथ राखेको दर बिश्लेषण अनुसार उच्च क्षमताको मेशिनवाट न्यून क्षमताको मेशिनले भन्दा प्रति घन मिटर काम छिटो र धेरै हुने हुंदा प्रति घन मिटरको लागत दर स्वाभाबिक रुपमा धेरै भएता पनि अन्तत कुल लागत रकममा धेरै अन्तर नआउने देखिन्छ । कार्यालयले निम्न क्षमताका मेशिनको प्रयोगमा निम्नानुसारको दर कायम गरी गरेको छ ।

| सि.नं . | कामको बिवरण | प्रति घन मिटरमाबिभिन्न मेशिनरीलाई हुने भुक्तानी दर | | |
|---|---|---|---|---|
| | | १२० सिसि | २१०–२२० सिसि | ३२० सिसि |
| १ | Soft soil cutting for exavator@90 cu.m/hr | ४०.०० | ६०.०० | ८०.०० |
| २ | Hard soil cutting for exavator@70 cu.m/hr | ५१.४३ | ७७.१४ | १०२.८६ |
| ३ | Ordinary rock cutting for rock breker/exavator@25 cu.m/hr | १८०.०० | २६०.०० | ३२०.०० |
| ४ | Medium rock cutting for rock breker/exavator@15 cu.m/hr | ३००.०० | ४३३.३३ | ५३३.३३ |
| ५ | Ordinary rock cutting for rock breker/exavator@10 cu.m/hr | ४५०.०० | ६५०.०० | ८००.०० |
| ६ | Land slide clearence in soil @110 cu.m/hr | ३२.७३ | ४९.०९ | ६५.४५ |
| ७ | Land slide clearence in hard soil @80 cu.m/hr | ४५.०० | ६७.५० | ९०.०० |
| ८ | Land slide clearence in ordinary rock @60 cu.m/hr | ६० | ९०.०० | १२०.०० |

ङ) स्थानीय तहमा धेरै जसो निर्माण कार्य उपभोक्ता समितिवाट हुने र निर्माण भएका सडकमा अधिकांश निर्माण कार्यमा उपभोक्ता समितिले हेभी मेशिनको प्रयोग गरी काम सम्पन्न गरेको देखियो । उपभोक्ता समितिले पेश गरेका बिल तथा कागजात बाट मेशिनको क्षमता नखुले पनि धेरै जसो उपभोक्ताले २१०–२२० सिसि का उपकरणको दर अनुसार भुक्तानी गरेको देखियो । यसवाट साना क्षमताका मेशिनको प्रयोग गरी ठूला क्षमताका मेशिनको दरवाट भुक्तानी हुन सक्ने , ठूला क्षमताका मेशिनले गर्ने काम र साना क्षमताका मेशिनको काम एउटै दरमा भुक्तानी हुन सक्ने ,वातावरणिय दृष्टिले पनि जोखिम पूर्ण हुने देखिएकोले यसमा स्थानीय तहले वास्तबिक व्यहोरा छानबिन गरी प्रयोगमा ल्याएको लागत दर एकिन गरि भुक्तानीमा आश्वस्त पार्नु पर्दछ । यसका केहि उदाहरण निम्न छन:

| क्र. स | भौ.नं. | उपभोक्ता समितिको नाम | जम्मा लागत रकम | मेशिनरीको प्रयोग रकम |
|---|---|---|---|---|
| १ | १०४/०७६/०२/१७ | पाल्ते पौरने सरालपाखा धनारी स.बि.उ.स. | २४७५६५३.०० | १३५७८००.०० |
| २ | ११७/०७६/०२/२७ | जाम्ने टाकुरी सडक निर्माण उ.स. | १०९४८३९.०० | ६१००००.०० |
| ३ | १०५/०७६/०२/१९ | सतीडांडा पाथी हाल्ने सडक निर्माण उ.स. | २२३६३९३.०० | ११८१४००.०० |
| ४ | १९१/०७६/०३/२५ | तिमिले सडक निर्माण उ.स. | ६१०१९०.०० | २९४०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | १००.०७६/२/१५ | फेरा वडा कार्यालय सडक स्तरोन्नती | ६०००००.०० | ४१६०००.०० |

| | | |
|---|---|---|
| | च) आयोजनाको अन्तिम भुक्तानी गर्दा अनुगमन समितिको प्रतिबेदनको बृस्तित बिवरण संलग्न नगरी सामान्य अनुगमन भएको भन्ने व्यहोराको प्रतिवेदनको आधारमा भुक्तानी गरेको छ ।<br>छ) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सडक इन्भेन्टरी तयार नगरेको अवस्थामा एउटै सडकमा पटक पटक निर्माण र विस्तार भनि बजेट विनियोजन गरी खर्च गरेको अवस्थामा उक्त सडकको पुर्वावस्था मा के थियो तुलनात्मक आधार रहेको छैन ।<br>ज) उपभोक्ता वा लाभग्राहीको सहभागिता गराई वातावरणमैत्री तथा रोजगारी सृजना गर्ने उदेश्य अनुरुप निर्माण कार्य हुन पर्नेमा ठुला मेसिन उपकरणको प्रयोगले बातावरण बिनास ,प्राकृतिक समस्या बाडी पहिरोको जोखिममा बृद्धि हुन गएको र रोजगारी सृजना नभएको अवस्था छ ।<br>झ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ले रु २५०००। भन्दा वढीको भुक्तानी एकाउण्ट पेयी चेक मार्फत हुनु पर्ने कानूनी व्यवस्था गरेता पनि उपभोक्ता समिति वाट हुने कार्यको भुक्तानीमा यसको पालना भएको नदेखिदा खर्चको पारदर्शितामा आश्वस्त हुन सकिएन । | |
| २०. | मूल्य अभिबृद्धि कर (एक्काईसौ संसोधन ) नियमावली २०७६ को नियम ६ ग अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाले ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्वन्धित निर्माण व्यवसायी तथा आपूर्ति कर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने कर रकम निजको नाम वाट सम्वन्धित राजस्व शिर्षकमा दाखिला गरि बाँकी रहने कर रकम मात्र निजलाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताको सन्दर्भमा कट्टा गर्नुपर्ने स्पष्ट व्यवस्था नदेखिएतापनि उपभोक्ता समिति मार्फत हुने विभिन्न निर्माण कार्यहरूमा निर्माण व्यवसायीहरूवाट निर्माण कार्य गराई उपभोक्ता समितिले भुक्तानी लिएको देखियो । उदाहरणको रुपमानगरपालिकाले यो वर्ष गो.भौ.नं. १९७। २०७६।३।२५ मा भे.न.पा १३ कुदु डिप बोरिङ खा.पा.यो.नि.उ.स. संग सम्झौता गरेको कार्यका लागि वान्नेगढी ड्रिलिङ एण्ड कन्सट्रक्सन प्रा.लि. बुढानिलकण्ठ ले रु ३८६४२९६।४६ भुक्तानी लिएकोमा उक्त विजकको मु.अ.कर रु ५०२३५८.५४ भुक्तानी भएको देखिएको छ । यसले भुक्तानी भएको मु.अ.कर राजश्वमै दाखिला हुन्छ भन्ने अवस्था देखिदैन । | |
| २१. | **गो.भौ. नं. १३६।२०७६।३।८** मा सूर्यज्योती प्रा.वि. भवन निर्माण वापत उपभोक्ता समितिलाई रु.७,६८,७२१। भुक्तानी दिएकोमा उक्त भवन निर्माण सामाग्रीहरू ढुवानी गरे वापत ना ६ ख ५६५२ का गाडी चालक खिमबहादुर नेपालीलाई रु.६७,७००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गरी वाँकी रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकाले सम्वन्धित उपभोक्ता समितिबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु.. | ६,७७०। |
| २२. | **गो.भौ.नं. १५८।२०७६।३।२२**मा किटेनी छहरी खानेपानी मर्मत उपभोक्ता समिति भे.न.पा. २ जाजरकोटलाई रु.३,००,०००। भुक्तानी दिएकोमा उक्त योजनाका सामाग्रीहरू ढुवानी गरे वापत ट्याक्टर धनी तिलक जंग शाहलाई रु.३८,५००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी रु.३,८५०। गर्नुपर्नेमा रु.५५०। मात्र कट्ट गरेकाले वाँकी रकम रु.३,३००। सम्वन्धित उपभोक्ता समितिबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु...................... | ३,३००। |
| २३. | **गो.भौ. न१५९॥२०७६।३।२२** मा जोगिनीखोला देखि आरिडाव तल्लो पिपल डाँडाखेत सम्म खानेपानी निर्माण उपभोक्ता समितिभे.न.पा. ६ जाजरकोटलाई रु.१,५०,०००। भुक्तानी दिएकोमा उक्त योजनाको निर्माण समाग्रीहरू ढुवानी गरे वापत ड्राइभर नारायण गोपाल श्रेष्ठलाई रु.३४,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गरी वाँकी रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकाले सम्वन्धित उपभोक्ता समितिबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु.... | ३,४००। |
| २४. | **गो.भौ. नं. १६९।२०७६।३।२५**मा राइकोईरेली देखि इवरगार सडक निर्माण उपभोक्ता समिति भे.न.पा. ११ जाजरकोटलाई रु.३,४०,०००। भुक्तानी दिएकोमा अनुगमन प्रतिवेदनमा अनुगमन गर्ने पदाधिकारी/कर्मचारीहरूको नामथर र हस्ताक्षर हुनुपर्नेमा नभएकाले नाम उल्लेख गरी हस्ताक्षर गराई नियमित गर्ने रु.. | ३,४०,०००। |
| २५. | **गो.भौ. नं. १७८।२०७६।३।२५**मा फिदि फाल्ने देखि देवनवारा हुँदै मानबहादुर सिंहका घर सम्म सडक निर्माण उपभोक्ता समिति भे.न.पा.४ जाजरकोटलाई २,००,०००। भुक्तानी दिएकोमा उक्त सडक | |

<table>
<tr><td></td><td>निर्माण सामाग्री ढुवानी गरे वापत ट्याक्टर धनी पूर्णबहादुर खत्रीलाई रु.५९,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गरी वाँकी रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकाले सम्वन्धित उपभोक्ता समिति बाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु.......</td><td>५,९००।</td></tr>
<tr><td>२६.</td><td>गो.भौ. नं. १७९।२०७६।३।२५मा धारापानी चिउरा सिंचाई योजना निर्माण उपभोक्ता समिति भे.न.पा. १२ जाजरकोटलाई रु.३,००,०००। भुक्तानी दिएकोमा उक्त योजनाको निर्माण सामाग्रीहरू ढुवानी गरे वापत राममनोहर खटिकलाई रु.२१,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गरी वाँकी रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकाले सम्वन्धित उपभोक्ता समितिबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु.........</td><td>२,१००।</td></tr>
<tr><td>२७.</td><td>गो.भौ. नं. १८५।२०७६।३।२५मा थाप्लेचौर क्रियापुर्ति बस्ने घर र धारा निर्माण उपभोक्ता समिति भे.न.पा. ३ जाजरकोटलाई रु.२,३०,०००। भुक्तानी दिएकोमा उक्त योजनाको निर्माण सामाग्री ढुवानी गरेको भनी ट्याक्टर धनी भोजेन्द्र मल्ललाई रु.५२,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गरी वाँकी रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकाले सम्वन्धित उपभोक्ता समितिबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु.........</td><td>५,२००।</td></tr>
<tr><td>२८.</td><td>गो.भौ. नं. १८८।२०७६।३।२५मा ज्ञानकुञ्ज प्रा.वि. भवन निर्माण उपभोक्ता समिति भे.न.पा. ८ जाजरकोटलाई दिएको पेश्की रु.६,००,०००। फछ्र्यौट गरी कन्टेन्जेन्सी, अग्रिम आयकर र बहाल कर कट्टी गरी रु.४,७७,६३१। समेत जम्मा रु.१०,७७,४३१। भुक्तानी दिएकोमा प्राविधिकले तयार गरेको उपभोक्ता समितिलाई भुक्तानी दिने विल, कार्य सम्पन्न प्रतिवेदन जाँच गर्दा खुद काम भएको रकम रु.१०,०७,०००। कार्य सम्पन्न रकम भन्दा बढी भुक्तानी दिएको रकम रु.७०,६३१। सम्वन्धित उपभोक्ता समितिबाट असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु...</td><td>७०,६३१।</td></tr>
<tr><td>२९.</td><td>पेश्की फछ्र्यौट :आ.व.०७५।०७६ अषाढ मसान्त सम्ममा तपसिलमा उल्लेखित व्यक्ति/उपभोक्ता समिति/संघ-संस्थाले लिएको पेश्की वाँकी हाल सम्म पनि फछ्र्यौट नभएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७अनुसार फछ्र्यौट/असुल गर्ने रु........<br>तपसिल
<table>
<tr><td>सि.नं.</td><td>पेश्की लिने व्यक्ति/उ.स./संघ-संस्था र प्रयोजन</td><td>रकम रु..</td></tr>
<tr><td>१</td><td>भोजेन्द्र मल्ल फोहर व्यवस्थापन</td><td>२५,०००।</td></tr>
<tr><td>२</td><td>कुदु रिंगरोड निर्माण उपभोक्ता समिति</td><td>२,०८,०००।</td></tr>
<tr><td>३</td><td>निजी तथा आवाशिय विद्यालय एशोसियसन दिलमाया बुढाथोकी</td><td>७०,०००।</td></tr>
<tr><td colspan="2">जम्मा रु.</td><td>३,०३,०००।</td></tr>
</table></td><td>३,०३,०००।</td></tr>
<tr><td>३०.</td><td>गो.भौ.नं. ९।२०७५।६।२मा भेरी मालिका दैनिक जाजरकोटका सह सम्पादक रेशम खड्कालाई रु.१,००,०००। पेश्की दिइएकोमा भेरी नगरपालिकाको कार्यालय र उक्त पत्रिका प्रकाशक विचमा भएको द्विपक्षीय सम्झौता संलग्न हुनुपर्नेमा नभएकाले संलग्न गरी नियमित गर्ने रु.................</td><td>१,००,०००।</td></tr>
<tr><td>३१.</td><td>गो.भौ.नं. १२।२०७५।६।२५ मा सशस्त्र प्रहरी बल हेड क्वाटर जाजरकोटको भान्छा घर र ग्यारेज निर्माण गर्न भनी हवल्दार दिलबहादुर थारुलाई रु.१,००,०००। पेश्की दिइएकोमा कार्यादेश, प्राविधिकले तयार गरेको ल.ई. संलग्न हुनपर्नेमा नभएकाले संलग्न राखी नियमित गर्ने रु................</td><td>१,००,०००।</td></tr>
<tr><td>३२.</td><td>गो.भौ.नं. १५।२०७५।७।१८मा सडक मर्मत संभार भनी भे.न.पा. वडा नं. २ का वडा अध्यक्ष कालीबहादुर वलीलाई रु.३,५६,९९९।९६ भुक्तानी दिएकोमा कार्यादेश, प्राविधिकले तयार गरेको ल.ई., भुक्तानी दिने विल, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन आदि संलग्न हुनुपर्नेमा नभएकाले संलग्न राखी नियमित गर्ने अन्यथा असुल उपर गर्ने रु..</td><td>३,५६,९९९।९६</td></tr>
<tr><td>३३.</td><td>गो.भौ.नं. ४२।२०७६।१।११मा तल्लो थाप्ले बसपार्कदेखि जिल्ला अस्पतालसम्मको सडक स्तरोन्नती गरे वापत उपभोक्ता समितिका अध्यक्ष भिमबहादुर शाहलाई रु.११,८६,५८०। भुक्तानी दिएकोमा उपभोक्ता समिति गठन निर्णय प्रतिलिपी, सार्वजानिक परीक्षण प्रतिवेदन संलग्न हुनुपर्नेमा नभएकाले संलग्न राखी नियमित गर्ने रु....</td><td>११,८६,५८०।</td></tr>
</table>

<table>
<tr><td>३४.</td><td>गो.भौ.नं.४८।२०७६।१।१७ मा भेरी नगरपालिका वडा नं.७ को सडक मर्मत गरेको भनी सिद्ध भैरव कन्ट्रक्सन प्रा.लि. का प्रोप्राइटर प्रदिप खड्कालाई २,१४,०२०। भुक्तानी दिएकोमा कार्यादेश, प्राविधिकले तयार गरेको ल.ई., नापी किताव, कार्य सम्पन्न प्रतिवेदन संलग्न हुनुपर्नेमा नभएकाले संलग्न राखि नियमित गर्ने रु....</td><td>२,१४,०२०।</td></tr>
<tr><td>३५.</td><td>गो.भौ.नं. ७०।२०७६।३।२५ मा मालपोत कार्यालय देखि सिटिजन्स बैंकसम्म ढल निकास निर्माण वापत रु.२,००,०००। भुक्तानी दिएकोमा ढुवानी वापत युद्धविर सिंहलाई रु.८०,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर रु.८,०००। कट्टी गर्नुपर्नेमा रु.८००। मात्र कट्टी गरेकाले बाँकी रु.७,२००। सम्वन्धित उपभोक्ता समितिबाट असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु....</td><td>७,२००।</td></tr>
<tr><td>३६.</td><td>पेश्की बांकी: आ.व.०७५।०७६ असाढ मसान्त सम्ममा पनि तपसिलमा उल्लेखित कार्यालयहरूलाई दिइएको पेश्की बाँकी बेरुजु रकम रु.२,००,०००। हाल सम्म पनि फछ्र्यौट नभएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७अनुसार असुल फछ्र्यौट गर्नुपर्ने रु........<br>तपसिल<table>
<tr><td>सि.नं.</td><td>कार्यालयको नाम</td><td>पेश्की रु.</td></tr>
<tr><td>१</td><td>शसस्त्र प्रहरी बल हेड क्वाटर जाजरकोट ग्यारेज निर्माण</td><td>१,००,०००।</td></tr>
<tr><td>२</td><td>ज्वालादल गण मालिका व्यारेक जाजरकोट शौचालय र प्रतिक्षालय निर्माण</td><td>१,००,०००।</td></tr>
</table></td><td>२,००,०००।</td></tr>
<tr><td></td><td>स्थानीय निकाय वित्तिय समानिकरण (चालु खर्च)</td><td></td></tr>
<tr><td>३७.</td><td>तलबी प्रतिवेदन: निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) अनुसार निजामती कर्मचारीहरूको निजामती किताबखानाबाट तलवी प्रतिवेदन पास गराई खर्च लेख्नुपर्ने व्यवस्था छ। यस नगरपालिकामा कार्यरत कर्मचारीहरूको तलव भुक्तानी गर्नु अघि तलवी प्रतिवेदन पारित गरेको देखिएन । यसबाट कर्मचारीको तलवमान, ग्रेड बृद्धि लगायत एकिन गर्न सकिएन । नियमको प्रावधान बमोजिम तलवी प्रतिवेदन पारित गराई खर्च लेखिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>गो.भौ.नं. ३९।२०७५।६।२५ मा ईन्धन खर्च र विविध खर्च वापत भनी रु.२,४४,५००। भुक्तानी दिएकोमा कसलाई भुक्तानी दिएको हो नखुलेको साथै विल भरपाई, खरिद आदेश, दाखिला रिपोर्ट संलग्न हुनुपर्नेमा नभएकाले संलग्न राखि नियमित गर्ने अन्यथा असुल उपर गर्ने रु..................</td><td>२,४४,५००।</td></tr>
<tr><td>३९.</td><td>गो.भौ.न १८१।२०७५।१०।२५ मा भेरी नगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरूलाई माघ महिनाको तलव भत्ता रु.१६,८३,१८६।७७ भुक्तानी गर्दा २०७५ पौष मसान्तमा अनिवार्य अवकाश भई गएका खरिदार श्रीवत प्रसाद शाक्यलाई माघ महिनाको तलव रु.३४,९३८। दिएकोमा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरेको रकम बाहेकको रु.३४,५८८।६२ असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु...</td><td>३४,५८८।६२</td></tr>
<tr><td>४०.</td><td>गो.भौ.न २६४।२०७५।१२।२८ मा प्रथम मेयर घुम्ती शिविरकालागि आवश्यक पर्ने औषधी खरिद वापत रारा मेडिसिन एण्ड सर्जिकल डिष्टिव्युटर्स विरेन्द्रनगर, सुर्खेतलाई रु.४,९८,५७१। भुक्तानी दिएकोमा कम्तीमा ३ वटा फर्मसँग दरभाउ पत्र आह्वान गरी सबैभन्दा कम दरभाउ पत्र पेश गरेको फर्मबाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा सो नगरी सोझै खरिद गरेको अनियमित रु.....</td><td>४,९८,५७१।</td></tr>
<tr><td>४१.</td><td>गो.भौ.नं. ३८५।२०७६।२।२७ मा दैनिक भ्रमण भत्ता वापत रु. ३,९१,८७०। भुक्तानी दिएकोमा दैनिक भ्रमण भत्ताका विल भरपाई जाँच गर्दा निम्नानुसार भए गरेको देखिएकाले सम्वन्धित भ्रमण कर्ता पदाधिकारी/कर्मचारीहरूबाट असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु..<br>क) मिति २०७५।१२।१८ देखि २०७५।१२।२१ सम्म काठमाण्डौ गएको दैनिक भ्रमण भत्ता वापत वडा नं. ९ का वडा अध्यक्ष ध्रुव प्रसाद पौडेललाई रु.२१,०००। भुक्तानी दिएकोमा कुन प्रयोजनका लागि काठमाण्डौ गएको हो प्रयोजन नखुलेको र भ्रमण प्रतिवेदन संलग्न हुनुपर्नेमा सो समेत नभएकाले उसुल उपर गर्ने रु.........२१,०००।<br>ख) खरिदार भरत कुमार शर्माले मिति २०७५।१०।१५ देखि मिति २०७५।१०।२१ सम्म भे.न.पा. वडा नं.७, ८ र १० मा राजश्व व्यवस्थापनमा सहयोग गर्न गएको भनी रु.७,३१०। भुक्तानी लिएकोमा लेखा अधिकृत सुदिपसिंह सुनारले अधिकार प्राप्त अधिकारीबाट समर्थन हुने गरी सिफारिस गरेकोमा अधिकार प्राप्त अधिकारीको समर्थन विना भुक्तानी लिएकाले असुल उपर गर्ने रु............७,३१०।</td><td>२८,३१०।</td></tr>
</table>

<table>
<tr><td>४२.</td><td>गो.भौ.नं. ४४९।२०७६।३।२३ मा नगर तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरूको अनुगमन खर्च भनी सि.अ.न.मी. कौशिला बटालालाई रु.३५,३००। भुक्तानी दिएकोमा दैनिक भ्रमण भत्ताका विल भरपाई जाँच गर्दा रु.१६,२९४। मात्र भएकाले वाँकी रु.१९,००६। असुल उपर  गरी बेरुजु खातामा दाखिला गर्ने रु..</td><td>१९,००६।</td></tr>
<tr><td>४३.</td><td>गो.भौ.नं. ४८५।२०७६।३।२५ मा भे.न.पा. १३ मा खेलकुद सामाग्री खरिद वितरण गर्न भनी वडा सचिव विरेन्द्रशिल घर्तीलाई दिएको पेश्की रु.२,००,०००। फछ्र्यौट गरेकोमा विल भरपाई जाँच गर्दा रु.१,०१,७००। मात्र भएकाले विल रकम भन्दा बढी फछ्र्यौट गरेको रु.९८,३००। को विल भरपाई संलग्न राखि नियमित गर्ने अन्यथा असुल उपर गर्ने रु.</td><td>९८,३००।</td></tr>
<tr><td>४४.</td><td>गो.भौ.नं. ५२०।२०७६।३।२५ मा सामाजिक परिचालक लक्ष्मी घर्तीलाई २०७६ बैशाख देखि २०७६ अषाढ सम्मको तलव भनी मासिक रु.१२,०००। का दरले ३ महिनाको रु.३६,०००। भुक्तानी दिएकोमा गो.भौ.नं.३३१ मिति २०७६।१।३० मा नियुक्ति भएको मिति २०७५ असोज देखि २०७६ जेठ सम्मको तलव भुक्तानी भई सकेको हुँदा २०७६ बैशाख र जेठ महिनाको दोहोरो तलव भुक्तानी भएको रु.२४,०००। मा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरेको रकम रु.२४०। घटाई वाँकी रु.२३,७६०। सम्वन्धित सामाजिक परिचालकबाट असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु..</td><td>२३,७६०।</td></tr>
<tr><td>४५.</td><td>पेश्की बांकी:आ.व.०७५।०७६ अषाढ मसान्त सम्ममा पनि तपसिलमा उल्लेखित कर्मचारीहरूको नाममा रहेको पेश्की वाँकी रु.५१,०००। हाल सम्म पनि फछ्र्यौट नभएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७अनुसार फछ्र्यौट/असुल गर्ने रु........
<table>
<tr><td>सि.नं.</td><td>पेश्की लिनेको नाम र प्रयोजन</td><td>रकम रु.</td></tr>
<tr><td>१</td><td>हवल्दार दिलबहादुर थारु झण्डा पुजा पेश्की</td><td>१५,०००।</td></tr>
<tr><td>जम्मा रु.</td><td></td><td>१५,०००।</td></tr>
</table></td><td>१५,०००।</td></tr>
<tr><td>४६.</td><td>केन्द्रीय बजेटबाट सवारी साधन :स्थानीय तह संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७० मा नेपाल सरकारबाट स्थानीय तहलाई उपलब्ध गराइएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनकालागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने उल्लेख भएकोमा यस कार्यालयले यो वर्ष १२ थान पल्सर मोटरसाईकल खरिद गरी रु २८,४६,८००।०० खर्च लेखेको छ । संघबाट प्राप्त श्रोत तथा आन्तरिक श्रोत एकिन गरी बाँडफाँड र स्वीकृति विना गरिएको यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४७.</td><td>गो.भौ.नं. ५४ २०७६।२।२७ कार्यालयले गत वर्षको पुजिगत शीर्षकमा रहेको मौज्दात अ.ल्या गरि चालुतर्फ कार्यालय संचालन, अतिथि सत्कार, सवारी साधन मर्मत र ईन्धनमा रु १,९७,४१९।०० भुक्तानी गरेको देखियो । यसरी पुंजिगत शीर्षकबाट चालु प्रकृतिका खर्च गर्ने परिपाटीको अन्त्य गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>संघीय सरकार सशर्त अनुदान (चालु खर्च)</td><td></td></tr>
<tr><td>४८.</td><td>बिद्यालयको कोषको संचालन:शिक्षा नियमावली, २०४९ (आठौ संशोधन) को नियम १६९ मा भएको व्यवस्था अनुसार माध्यमिक तथा निम्न माध्यमिक विद्यालय कोषको संचालन प्रधानाध्यापक र लेखापाल वा लेखासम्बन्धि काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट  गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको शिक्षक र विद्यालय कर्मचारीको तलव तथा अन्य अनुदान वापतको रकम उक्त कोषमा रहन्छ । यस नगरपालिका अर्न्तगतका निम्न माध्यमिक विद्यालयको विद्यालय कोषको संचालन व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट भएको देखिएको छ। नियमावलीले गरेको व्यवस्था अनुरुप विद्यालयको खाता संचालन तथा व्यवस्थापन गरि आर्थिक कारोबारलाई चुस्त दुरुस्त र पारदशी बनाईनु आवश्यक देखिन्छ</td><td></td></tr>
<tr><td>४९.</td><td>छात्रवृति वितरण : कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाको अनुगमन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस आ.ब. मा तपसिल बमोजिम रु. ४५,४६,७००।०० छात्रवृत्ति अनुदानको रुपमा दिएकोमा उक्त छात्रवृत्ति रकम दोहोरो परे नपरेको तथा तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गरेको</td><td></td></tr>
</table>

छैन । जसबाट छात्रवृत्ति रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने छात्रवृत्ति रकम प्रदान गर्दा दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनु पर्दछ ।

तपसिल

| सि.नं | अनुदान शिर्षक | रकम |
|---|---|---|
| | सामुदायिक सिकाई केन्द्र | ९९२०० |
| | बाल विकास अनुदान | ५२५०० |
| | परम्परागत धार्मिक विद्यालय अनुदान | १२५००० |
| | पाठ्यपुस्तक अनुदान | ४३२०००० |
| | **जम्मा** | **४५९६७००** |

५०. **खातामार्फत भुक्तानीः** शिक्षा नियमावली, २०४९ अनुसार महिना भुक्तान भएपछि तलव निकाशा हुनुपर्ने व्यवस्था भएकोमा गाउंपालिकाले चौमासिक निकासा गरी विद्यालयको खातामा शिक्षकहरूको तलव निकासा गरेको देखिएकोले विद्यालयबाट मासिक रुपमा शिक्षक हाजीरी विवरण प्राप्त गरी शिक्षकको व्यक्तिगत खातामार्फत तलव भुक्तानी गरिनुपर्ने देखिन्छ

५१. **तलव निकासाः** यस नगरपालीकाले यो वर्ष तपसिल बमोजिमको विद्यालयहरूको तेस्रो चौमासिकको माग फाराम र निकासा तुलना गर्दा बढि निकासा दिएको देखिएको रु.१,५४,८४९।०० असुल गरिनुपर्ने देखिएको रु.. १५४८४९.००

| विद्यालयको नाम | शिक्षकको नाम | निकाशा हुनुपर्ने रकम | निकासा गएको रकम | बढि भएको असुल गर्नुपर्ने | खर्च भएको चौमासिक |
|---|---|---|---|---|---|
| दिपेन्द्र मा.वि. | राम प्रसाद शर्मा | ८४४५३ | १६३४५७ | ७९००३ | तेस्रो चौमासीक |
| विजय मा.वि. | तिलक बहादुर चन्द | १०११२८ | १३१९०७ | ३०७७८ | तेस्रो चौमासिक |
| शंकर भवन मा.वि. | सीता श्रेष्ठ | ८६८३८ | १३१९०८ | ४५०६८ | तेस्रो चौमासिक |
| जम्मा | | ३५०३८८ | ५७८१८० | १५४८४९ | |

५२. **टकिङ टिचर कार्यक्रमः** यो वर्ष नगरपालिकाको शैक्षिक सामाग्री खरिद तथावितरण अनुदान अर्न्तगत १३ वटा विद्यालयहरूलाई टकिङ टिचर कार्यकमका लागि २३,४७,९६०।०० अनुदान वितरण गरेको छ । उक्त कार्यकमको संचालनको लागि कियटिभ एड्डुटेनमेन्ट वर्ल्ड प्रा.लि., विद्यालयहरू र नगरपालिका विच भएको त्रिपक्षिय सम्भौता तथा विद्यालय र नगरपालिका विच भएको दुई पक्षीय सम्भौता बमोजिम टकिङ टिचर सेट तथा सो संग सम्बन्धित शैक्षिक सामाग्री खरिद तथा वितरण अर्न्तगतः ईसिडी देखि कक्षा ५ सम्मको टकिङ टिचर रिचार्जेवल पेन, टकिङ बुक्स, नेपाली बालगीत, अंग्रेजी वालगित, अंग्रेजी बालकथा सहितका सामाग्रीहरूको पेन ड्राईभ र स्पीकर समेतको सामाग्रीको प्याकेज रु १४४००। तथा कक्षा १ देखि ५ सम्म प्रति विद्यार्थी २ वटा किताबका प्रति किताव रु २४०। तथा टकिङ बुक्सको कक्षागत सिलेबस निर्धारण सहित १ वर्षमा दुईदिने शिक्षक तालिम, प्रतिकक्षा वार्षिक ५० वटा वर्कसीट, चौमासिक प्रश्न पत्र तथा शैक्षिक वर्षको अन्तमा परीक्षा पश्चात प्रमाणपत्र समेत उपलब्ध गराउनु पर्ने गरी सम्भौता भएको देखिन्छ ।

कियटिभ एड्डुटेनमेन्ट वर्ल्ड प्रा.लि. ले विद्यालयमा विल भुक्तानीको विल पेश गर्दा प्याकेजको रु १४५०० रहेको सामाग्रीको टकिङ टिचर सेटको रु १२००० प्रति सेट ईसीडी देखि कक्षा ५ सम्मको प्रति किताव १२०को दरमा र स्पीकरको छुट्टै रु २५०० दावी गरेको छ भने विद्यार्थी सेवा शुल्कवापत प्रति विद्यार्थी रु १००० को दरले विल पेश गरेको देखिएको उक्त शुल्क रु १७,२८,०००।०० मा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने देखिएको रु.... २,५९,२००.००

| विद्यालयको नाम | अनुदान रकम | प्याकेज को शुल्क | विद्यार्थी संख्या | बार्षिक विद्यार्थी शुल्क | १५ प्रतिशत कर |
|---|---|---|---|---|---|
| बागेश्वरी आ.वि. पिपे | १८२१०० | १४५०० | १३७ | १३७००० | २०५५० |

| | | | | | |
|---|---|---|---|---|---|
| जनता प्रा.वि. पोखरा | २३४४२० | १४५०० | १७९ | १७९००० | २६८५० |
| हनुमान प्रा.वि. थाप्ले | ९७६६० | १४५०० | ६६ | ६६००० | ९९०० |
| भेरी प्रा.वि. गैरीखाली | १४७३४० | १४५०० | १०८ | १०८००० | १६२०० |
| लक्ष्मी मा.वि. भैरे | ३८६७०० | १४५०० | ३०२ | ३०२००० | ४५३०० |
| सिमा प्रा.वि. डौरीखोला | १२७६२० | १४५०० | ९२ | ९२००० | १३८०० |
| शिवशक्ती प्रा.वि. लामाकाटिया | १८०७४० | १४५०० | १३३ | १३३००० | १९९५० |
| भैरव आ.वि. भुरचौर | १६२०६० | १४५०० | ११९ | ११९००० | १७८५० |
| दुर्गा प्रा.वि. महतरागाउँ | १४७२६० | १४५०० | १०६ | १०६००० | १५९०० |
| विश्व प्रा.वि. राताचौर | १२११४० | १४५०० | ८६ | ८६००० | १२९०० |
| भगवती मा.वि. कुदु | ६४२२० | १४५०० | ४० | ४०००० | ६००० |
| विजय मा.वि. काफलचौर | २०२०२० | १४५०० | १५२ | १५२००० | २२८०० |
| मष्टा आ.वि. गिमा | २७०१४० | १४५०० | २०८ | २०८००० | ३१२०० |
| जम्मा | २३२३४२० | | | १७२८००० | २५९२०० |

५३. **कार्यसम्पन्न प्रतिवेदनः** कियटिभ एडुटेनमेन्ट वर्ल्ड प्रा.लि. ले सम्झौता अनुरुप टकिङ बुक्सको कक्षागत सिलेबस निर्धारण सहित १ वर्षमा दुईदिने शिक्षक तालिम, प्रतिकक्षा वार्षिक ५० वटा वर्कसीट, चौमासिक प्रश्न पत्र तथा शैक्षिक वर्षको अन्तमा परीक्षा पश्चात प्रमाणपत्र समेत उपलब्ध गराउनु पर्ने गरी सम्झौता गरेको देखियो । विद्यालयमा गर्ने तालिम तथा सिलेवस निर्माण कार्यको प्रति विद्यार्थी शुल्क लिने गरि सम्झौता गरिनु नियमसम्मत देखिएन । टकिङ टिचर कार्यक्रम अर्न्तगत सम्झौता बमोजिमका सम्पुर्ण कार्य सम्पन्न नभएकोमा नगरपालिकाले कुल अनुदान भुक्तानी दिएको छ भने विद्यालयले पनि उक्त सम्झौतावापतको रकम रु २३,४७,९६०।०० भुक्तानी गरेको देखिएकोले उक्त कार्य सम्पन्न भएको प्रमाण प्राप्त हुनुपर्ने देखिएको रु. — २३,४७,९६०।००

५४. **भरपाई पेश गर्नुपर्नेः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार कुनै पनि भुक्तानीको विल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष भुक्तानी गरेको तपसिल बमोजिमको खर्चमा भरपाई वेगर भुक्तानी भएको देखिएकोले उक्त रकम बेरुजु दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.... — २०,३६६.००

| भौ.नं. मिति | विवरण | भरपाई पेश नभएको रकम | कैफियत |
|---|---|---|---|
| १६२/२०७५/१०/२२ | भत्ता रकम | ३८२५ | डा.राजन्द्र लामा र कृष्ण प्रसाद खतिवडा |
| ४५१/२०७६/३/२४ | बिल भरपाई नपुग | १२५४१ | पत्रकार महासंघ जाजरकोटको पुर्वाधार व्यवस्थापन |
| ४८४/२०७६/३/२५ | बिल नपुग | ४००० | |
| | | २०३६६ | |

**जिन्सी व्यवस्थापन तर्फ**

५५. **सम्पत्ति लेखांकन :** नगरपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन । कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उक्त व्यहोरा औल्याएकोमा सुधार भएको देखिएन ।

<table>
<tr><td>५६.</td><td>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सार्ने गरेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उक्त व्यहोरा औल्याएकोमा सुधार भएको देखिएन ।</td><td></td></tr>
<tr><td>५७.</td><td>बरबुझारथ : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उक्त व्यहोरा औल्याएकोमा सुधार भएको देखिएन ।</td><td></td></tr>
<tr><td>५८.</td><td>जिन्सी दाखिला: आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५२ अनुसार जिन्सी सामाग्री खरिदको निर्धारीत ढांचामा आम्दानी बांधी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष रु ४०,३६,०७९।०० खर्च गरी निर्माण कार्यको डि.पि.आर. तयार गरेकोमा जिन्सी आम्दानी बांधेको देखिएन । नियमको प्रकृया बमोजिम आम्दानी बांधी सोहीबमोजिम निर्माणकार्य गराईनु पर्दछ</td><td></td></tr>
<tr><td>५९.</td><td>विद्युतिय लेखा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सबै नगरपालिकाहरूले Sub-National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था अनुसार कार्यालयले उक्त प्रणालीमा लेखा स्रेस्ता अद्यावधिक गरी राखेको छैन । त्यसैले तोकिए बमोजिमको विद्युतिय प्रणालीमा लेखा स्रेस्ता राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६०.</td><td>अग्रीम कर: आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कुनै पनि भुक्तानीको अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष गरेको तपसिल बमोजिमको भुक्तानीमा करकट्टी नगरेको रु १,९२,०४७।०० असुल गरि राजश्व दाखिला गरिनुपर्ने देखिएको रु...<br>तपसिल
<table>
<tr><th>भौ.नं. मिति</th><th>विवरण</th><th>कर कट्टी नगरेको भुक्तानी</th><th>कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>३०७/२०७६/१/१७</td><td>घरभाडा</td><td>१५००००</td><td>१५०००</td><td>बहाल कर</td></tr>
<tr><td>४६३/२०७५/३/२५</td><td>सुशासन र वडा कार्यालय व्यवस्थापन</td><td>७४०००</td><td>१११०</td><td>अग्रीम कर</td></tr>
<tr><td>४६५/२०७६/३/२५</td><td>कार्यक्रम</td><td>५००००</td><td>७५०</td><td>अग्रीम कर</td></tr>
<tr><td>४७०/२०७६/३/२५</td><td>खरिदार उपेन्द्रजंग शाह</td><td>१९६१९५</td><td>३३६०</td><td>अग्रीम कर</td></tr>
<tr><td>४८२/२०७६/३/२५</td><td>बाखा खरिद तथा वितरण</td><td>१६२१२०</td><td>२४३१</td><td>अग्रीम कर</td></tr>
<tr><td>४८४/२०७६/३/२५</td><td>कार्यक्रम</td><td>१४००००</td><td>२१००</td><td>अग्रीम कर</td></tr>
<tr><td>२०२/२०७६/३/२५</td><td>डिएचएच सिस्टम सेट अप</td><td>८७३४४</td><td>१३१०</td><td>अग्रीम कर</td></tr>
<tr><td>२३३/२०७६/३/२५</td><td>युवा परिषद कार्यक्रम</td><td>२१००००</td><td>१०८६६</td><td>अग्रीम कर</td></tr>
<tr><td>५२/२०७६/२/२६</td><td>सडक निर्माण उ.स</td><td></td><td>२३५१</td><td>बहालकर छुट</td></tr>
<tr><td>६५/२०७६/३/२५</td><td>चिसीमुला महतरा उ.स</td><td></td><td>२१५०</td><td>बहालकर छुट</td></tr>
</table></td><td>१,९२,०४७.००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ८१/२०७६/३/२५ | सहकर्मी समाज सुर्खेत | १०१७९२ | १५२६ | अग्रीम कर |
| ६६/२०७६/१/१८ | सीम्लीखोला फुलवारी सिचाई कुलो | | ३६०० | बहालकर छुट |
| ९१/२०७६/२/१ | ठांटी सिमलगैरी उ.स | | ८००० | बहालकर छुट |
| १३२/२०७६/३/३ | जनज्योती भवन उ.स. | | ४५३१ | बहालकर छुट |
| १०५/२०७६/२/१९ | सतिडांडा देखि पातीहाल्ना | | १०६३२६ | बहालकर छुट |
| १००/२०७६/२/१५ | फेरा वडा कार्यालय | | ४१६० | बहालकर छुट |
| ११४/२०७६/१/१६ | मेलमिलाप कर्ता आधारभुत तालिम | १७७६० | १७७६ | |
| १९५/२०७६/३/२५ | राधाकृष्ण मन्दिर निर्माण उ.स | ९७५०० | ९७५० | अग्रीम कर कट्टी छुट |
| १८२/२०७६/३/२५ | बैठक भत्ता | ७३००० | १०९५० | अग्रीम कर |
| २०७/२०७६/३/३० | विविध भुक्तानी<br>सुवर्ण ईन्टरप्राईजेज<br>होटल सिद्दपाईलय | १२२४५४ | १८३६ | अग्रीम कर |
| | जम्मा | | १९२०४७ | |

६१. **बिद्युत महशुल भुक्तानी:** कार्यालयले यो वर्ष भुक्तानी गरेको तपसिल बमोजिमको विद्युत महशुल भुक्तानीमा थप दस्तुर भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गरिनुपर्ने देखिएको रु.. ५५,८२२.००

**तपसिल**

| भौ.नं. मिति | विवरण | महशुल भुक्तानी | थप दस्तुर | कैफियत |
|---|---|---|---|---|
| २१६/२०७६/३/२५ | विद्युत महशुल | ६३७७२ | ९३५८ | |
| ४८/२०७५/९/२३ | विद्युत महशुल | १८५८५९ | ४६४६४ | |
| | | | ५५८२२ | |

६२. **औषधि खरिद-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिदको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था गरेको छ। साथै नियमावलीले वर्षभरि गरिने खरिदको मुल्यसुची स्वीकृत गरि सोहीबमोजिम कोटेशन मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष नियम बमोजिम खरिदको आवश्यकता पहिचान नगरी रु. २,२५,०००।०० को औषधि खरिद गरेको देखिएको छ। यस प्रकृयामा सुधार गरिनुपर्दछ।

६३. **मू.अ.कर समायोजन :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को दफा १७(१) मामू.अ. कर बिजक तोकिएको ढाँचामा जारी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निर्माण व्यावसायीहरूलाई भुक्तानी दिंदा मू.अ.कर बिजक नं. नभएका, केरमेट तथा अन्य कैफियतहरू देखिएका विलवाट भुक्तानी गरेको मू.अ. कर समायोजनको पेश गर्नुपर्ने रु.... ३४०८११.००

| भौ.नं.र मिति | निर्माण व्यावसायीको नाम | व्यहोरा | विल रकम | मू.अ.कर रकम |
|---|---|---|---|---|
| ९/२०७६/३/२५ | गौतम ईनर्जी ईन्जीनियरिङ | पेडाखोला पिको हाईड्रो निर्माण सामाग्री खरिद | ३८४३१५ | ४९६० |
| ३/२०७६/३/२७ | डांफे निर्माण सेवा | गैरीखाली देखि अस्पताल | २५८३४७२ | ३३५८५१ |
| | | **जम्मा** | | **३४०८११** |

६४. **ग्रेड बढि भुक्तानी:** शिक्षा ऐन, २०४९ अनुसार शिक्षकहरूको तलव निकासा दिदा विद्यालय शिक्षक किताबखानाबाट तलवी प्रतिवेदन पारित गराई तलव निकासा दिनुपर्ने व्यवस्था छ । यस नगरपालिकाका तपसिल बमोजिमको विद्यालय शिक्षक किताबखानावाट पारित आ.व.२०७५।७६को तलवी प्रतिवेदन अनुसार ग्रेड बढि भुक्तानी भएको रु. १,२८,५५९।०० असुल गर्नुपर्ने देखिएको रु... १,२८,५५९.००

| विद्यालयको नाम | संकेत नं | शिक्षकको नाम | तह | भुक्तानी ग्रेड संख्या | पास भएको ग्रेड | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| कालिका निमावि, डिंगा | ११९४९२ | चक ब.थापा | प्रा.वि | ५*७३९ | ४ | ९६०७ |
| दिपेन्द्र प्रा.वि रावतगाउं | ६११८५ | वलराम शाह | प्रा.वि. द्धितिय | ५*७८३ | ४ | १०१७९ |
| दुर्गा निमावि महतगाउँ | १०३६५०१ | नारायण प्र.शर्मा | | ५*७८३ | ४ | १०१७९ |
| दिपेन्द्र प्रा.वि रावतगाउं | ६१९४८२ | शंकरजंग शाह | प्रा.वि. द्धितिय | ५*७३९ | ४ | ९६०७ |
| महेन्द्र प्रा.वि. रिसाङ | १०४२०२ | मुकुन्द ब. शाही | प्रा.वि. द्धितिय | ५*७८३ | ४ | १०१७९ |
| विजय मा.वि. छिप्रेना | १६०७७३ | श्रीराम घर्ती | नि.मा.वि.तृतिय | २*७८३ | ० | १०१७९ |
| वागेश्वरी निमावि पिपे | ६११८० | ओम प्रसाद शर्मा | प्रा.वि. द्धितिय | ५*७८३ | ४ | १०१७९ |
| सरस्वती मावि पुन्मा | १५९१७४ | देव बहादुर गुरुङ | नि.मा.वि.तृतिय | २*७८३ | १ | १०१७९ |
| सुर्यज्योती निमावि | १०३८४७ | जय व. शाही | प्रा.वि. द्धितिय | ५*७८३ | ४ | १०१७९ |
| शिवशंकर उमावि | १५७१६४ | भिम ब. कुमाई | नि.मा.वि.तृतिय | ३*७८३ | २ | १०१७९ |
| त्रिभुवन उमावि | २३३६० | हेरम्ब ब. शाह | मा.वि. प्रथम | ३*१३३८ | २ | १७७३४ |
| शंकर भवन मावि | १६०७२५ | अशोक मल्ल | नि.मा.वि.तृतिय | १*७८३ | ० | १०१७९ |
| | | | जम्मा | | | १२८५५९ |

६५. **ग्रेड शुन्य:** तपसिल बमोजिमका कर्मचारीहरूको तलवी प्रतिवेदन पास हुंदा भुक्तानी भएको ग्रेड शुन्य भई आएको देखिएकोमा कर्मचारी संकेत नं. नभएको देखियो । स्थायी शिक्षकले कर्मचारी किताबखानाबाट कर्मचारी संकेत लिई विवरण अद्यावधिक गर्नुपर्नेमा नगरेको देखिएकोले विवरण अद्यावधिक गरी ग्रेड पाउने आधार खुल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु..... १,५१,८१४

| विद्यालयको नाम | संकेत नं | शिक्षकको नाम | तह | भुक्तानी ग्रेड संख्या | पास भएको ग्रेड | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| चर्तुमाला प्रा.वि. मटेला | | सुभद्रा खनाल | प्रा.वि. द्धितिय | ५*७८३ | ० | ५०८९५ |
| जनता प्रा.वि.पोखरा | | नरेशजंग शाह | प्रा.वि. द्धितिय | ५*७८९ | ० | ४८०३५ |
| सरस्वती मा.वि. पुन्मा | | जसवन्ती वि.क. | मा.वि. तृतीय | ४*१०१७ | ४ | ५२८८४ |
| | | | | | | १५१८१४ |

६६. **गो.भौ.नं ७।२०७५।६।१८**मा विभिन्न विद्यालयमा कार्यरत राहत शिक्षकहरूको प्रथम चोमासिक निकासा रु.७४,२६,९५०। भुक्तानी दिंदा श्री मष्टा आधारभूत विद्यालय गिमामा कार्यरत २ जना राहत शिक्षकहरूलाई चाडपर्व खर्च समेत रु.२,३७,७००। निकासा दिनुपर्नेमा रु.२,४५,२००। निकासा दिएकाले बढी निकासा दिएको रु.७,५००। सम्वन्धित विद्यालयबाट असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु...... ७,५००

६७. **गो.भौ.न ३९।२०७५।९।२२** मा भिटामिन ए खुवाए वापत र पोशाक भत्ता वापत तपसिलमा उल्लेखित स्वास्थ्य संस्थामा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई रु.२,९८,८००। निकासा दिएकोमा सम्वन्धित महिला स्वास्थ्य स्वयम् सेविकाहरूले रकम बुझेको भरपाई संलग्न हुनुपर्नेमा नभएकाले संलग्न गरी नियमित गर्ने रु.... २,९८,८००

६८. **गो.भौ.न १६९।२०७६।२।२७** मा सि.अ.न.मी. कौशिला बटालाले विभिन्न क्रियाकलाप संचालन गर्न लिएको पेश्की रु.१,२८,०००। फछ्यौट गरेकोमा विल भरपाई जाँच गर्दा निम्नानुसार भए गरेको नदेखिएको नियमित/असुल गर्नुपर्ने रु.... १३,९७७

| | | |
|---|---|---|
| | क) रु.१,२८,०००। पेश्की फछ्र्यौट गरेकोमा विल भरपाई जाँच गर्दा रु.१,२४,६२३। मात्र भएकाले विल रकम भन्दा बढी फछ्र्यौट गरेको रु.३,३७७। को विल भरपाई संलग्न गरी नियमित गर्ने रु............३,३७७।<br><br>ख) जन स्वास्थ्य अधिकृत विरेन्द्र कुमार शर्माले अनुगमन खर्च रु.१०,०००। बुझेको हस्ताक्षर नभएकाले रकम बुझाई हस्ताक्षर गराई नियमित गर्ने रु.............१०,०००।<br><br>ग) खलंगाबाट स्वास्थ्य चौकी भूर सम्म आवश्यक सामाग्री ढुवानी गरे वापत भिमबहादुर रोकायलाई रु.६,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गरी वाँकी रकम भुक्तानी गर्नुपर्नेमा पुरै रकम भुक्तानी गरैकाले असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु...........................६००। | |
| ६९. | **गो.भौ.नं. २०१।२०७६।३।२२** मा अस्पताल व्यवस्थापन समितिको बैठक भत्ता वितरणकोलागि कार्यालय सहयोगी प्रेम वलीलाई दिएको पेश्की रु.७०,०००। फछ्र्यौट गरेकोमा अस्पताल व्यवस्थापन समितिको बैठकको निर्णय प्रतिलिपी संलग्न हुनुपर्नेमा नभएकाले संलग्न गरी नियमित गर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु... | ७०,०००। |
| ७०. | **गो.भौ.नं. २२०।२०७६।३।२५** मा लक्ष्मी माध्यामिक विद्यालय खानेपानी निर्माण उपभोक्ता समिति भे.न.पा ६ जाजरकोटका अध्यक्ष राजेश वि.क.लाई रु.४,५०,०००। भुक्तानी दिएकोमा उक्त योजनाको निर्माण सामाग्री ढुवानी गरे वापत नरबहादुर घर्तीलाई रु.६०,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर रु.६,०००। कट्टी गर्नुपर्नेमा रु.६००। मात्र कट्टी गरेकाले वाँकी रु.५,४००। सम्वन्धित उपभोक्ता समितिबाट असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु.. | ५,४००। |
| ७१. | **गो.भौ.नं. २२३।२०७५।३।२५** मा LIMS अनलाइन कार्यक्रम संचालनकालागि कम्प्युटर सहायक करार सेवामा कार्यरत रहेको भनी कम्प्युटर सहायक शिला घर्तीलाई २०७६ बैशाखदेखि अषाढसम्मको तलव वापत रु.८०,४९९।८७ भुक्तानी दिएकोमा करार सम्वन्धी सम्झौता पत्र, नियुक्ति पत्र संलग्न हुनुपर्नेमा नभएकाले संलग्न राखि नियमित गर्ने रु... | ८०,४९९।८७ |
| ७२. | **गो.भौ.नं. २४४।२०७६।३।२५** मा कुदु स्वास्थ्य चौकी भे.न.पा. १३ जाजरकोटमा खानेपानी निर्माण वापत स्वास्थ्य चौकी व्यवस्थापन समितिलाई रु.५,२४,३९८। भुक्तानी दिएकोमा उक्त योजनाका निर्माण सामाग्रीहरू ढुवानी गरे वापत भे १ त ३४०४ का ट्याक्टर धनी राममनोहर खटिकलाई रु.८९,३०६। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गरी वाँकी रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकाले सम्वन्धित स्वस्थ्य चौकी व्यवस्थापन सहयोग समितिबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु........... | ८,९३०। |
| ७३. | **अन्य प्रयोजनको खर्चः** कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष तपसिल बमोजिम अन्य कार्यालयहरूको लागि खर्च लेखेको देखिएको रु. २,६०,०००।०० नियमित गर्नुपर्ने देखिएको रु... | २,६०,००० |

| **खर्च व्यहोरिएको कार्यालय** | **खर्चको पयोजन** | **रकम** |
|---|---|---|
| शसस्त्र प्रहरी बल जाजरकोट | ग्यारेज निर्माण | १,००,००० |
| शसस्त्र प्रहरी बल जाजरकोट | बडादशै पुजा | १५,००० |
| ज्वालादल गण | सार्वजनिक शौचालय निर्माण | १,००,००० |
| जिल्ला प्रशासन कार्यालय | बडादशै पुजा | २५,००० |
| कारागार | बडादशै पुजा | २०,००० |
| **जम्मा** | | **२,६०,०००.००** |

| | | |
|---|---|---|
| ७४. | **मूल्य अभिबृद्धि कर दाखिला :** मूल्य अभिबृद्धि कर (एक्काईसौ संसोधन ) नियमावली २०७६ को नियम ६ ग अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाले | |

ठेक्का संभौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्वन्धित निर्माण व्यवसायी तथा आपूर्ति कर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने कर रकम निजको नाम वाट सम्वन्धित राजस्व शिर्षकमा दाखिला गरि बाँकी रहने कर रकम मात्र निजलाई भुक्तानी गर्नु पर्ने तथा यसरी राजस्व जम्मा गरिदिएको जानकारी सम्वन्धित निर्माण व्यवसायी तथा आपूर्ति कर्तालााइ दिनु पर्ने र जम्मा भएको रकम सम्वन्धित निर्माण व्यवसायी तथा आपूर्ति कर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउने व्यवस्था गरेकोमा कार्यालयले निम्नानुसारको भुक्तानीमा उक्त व्यवस्थाको कार्यान्वयन नगरी पुरै कर रकम भुक्तानी गरेको पाईयो । कानूनमा भएको व्यवस्थाको पालना नगरी गरेको भुक्तानी नियमित नदेखिएको निम्नानुसारको रु................. ७,७४,३२१.००

| **भौ.नं मिति** | **निर्माण व्यवसायी / आपूर्ति कर्ता** | **विल मुल्य** | **मूल्य अभिबृद्धि कर रकम** | **५०% ले हुने कर** |
|---|---|---|---|---|
| ३/२०७६/३/२७ | डांफे निर्माण सेवा गैरीखाली देखि अस्पताल | २५८३४७२ | ३३५८५१ | १६७९२५ |
| ३/२०७६/३/२५ | एम.वि.विल्डर्स । एम वि सप्लायर्स | ३३८३५६५.७७ | ५३९८६३.५५ | २६९९३१ |
| ३९३/२०७६/२/२७ | ग्रीन भ्याली कन्सल्टेन्ट | ५५११३६ | ७१७४६ | ३५८७३ |
| ३९४/२०७६/२/२७ | कन्सेप्ट आर्किटेक्ट एण्ड डिजाईन प्रा.लि. | ७६५९५६ | ९९५७४ | ४९७८७ |
| ६/२०७६/३/३० | नागार्जुन केशव शाह जे.भी | १५१५७८१ | १९७०५१ | ९८५२५ |
| ३९५/२०७६/२/२७ | मिशन कन्सल्टेन्सी | १७४२००० | २२६४६० | ११३२३० |
| ३९६/२०७६/२/२७ | पांचकटिय मझाईन सडक डी.पी. आर निर्माण | ६००७७७ | ७८१०१ | ३९०५० |
| | | | | **७७४३२१** |

**आन्तरिक आयतर्फः**

७५. **राजश्व अभिलेख :**आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने तथा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने साथै दफा १३ को उपदफा २ र ५ अनुसार म्याद थप नभएको अवस्थामा उपदफा ४ अनुसार दश दिन ढिलो गरेको भए १० प्रतिशत १५ दिन ढिलो गरेको भए १५ प्रतिशत र पन्ध दिन भन्दा बढी ढिलो गरेकोमा २५ प्रतिशत जरिवाना गरी कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम बिभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । यस नगरपालिकाको लेखापरीक्षणको क्रममा आन्तरिक राजस्व आम्दानीको निर्णयदेखि असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राख्नु पर्नेमा रसिद नियन्त्रण खाता अध्यावधिक नगरेको, को सँग के कति नगदी तथा मालपोत रसिद छ एकिन नगरेको तथा कुन रसिदवाट के कति असुली हो सो अनुसार राजस्वको दैनिक रजिस्टरमा आम्दानी बाँधी बैंक दाखिला नगरेको र गरेकोमा पनि निकै ढिला दाखिला गरेको लगायतका व्यहोरा देखिएकोले असुल भएको आन्तरिका आय रु ९२,०७,४८७.६० नै हो र दाखिला ठिक छ भनि यकिन हुन सक्ने अवस्था रहेन । यसमा केहि उदाहरण निम्नानुसार रहेका छन । कार्यालयले सम्पूर्ण आन्तरिक आयको श्रेस्ता छानबिन गरि ऐन र नियममा भएको व्यवस्था अनुसार अध्यावधिक र एकिन प्रमाण पेश गर्नु पर्दछ ।

| राजस्व असुल अवधि | दाखिला मिति | कैफियत | रकम |
|---|---|---|---|
| ०७४।०७५ को | ०७५ ।६।२२ | वडा न. १ को | ५०८५०.०० |
| ०७५ श्रावण– आस्वीन सम्मको | ०७५।६।२९ | १४लाख २१ हजार मध्ये | ९०००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०७५ श्रावण– आस्वीन सम्मको | ०७५।७।५ | कहिलेको एकिन नभएको | ५२१६२४.६९ | |
| | एकिन नभएको | ०७६।१।११ | रसिद पेश नभएको वडा नं १२को | ६७७४७.०० | |
| | एकिन नभएको | ०७६।३।३१ | नपा कार्यालय | २२६६४००।०० | |
| | एकिन नभएको | ०७६।४।१९ | नपा कार्यालय आ.व.०७५।७६को | ५५५७९५.०० | |
| | एकिन नभएको | ०७६।२।१५ | रसिद पेश नभएको वडा नं ३ को | १७५०००.०० | |

| | | |
|---|---|---|
| ७६. | **रसिद हराएको:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(५) अनुसार कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनुपर्ने व्यवस्था छ। नगरपालिकाको वार्ड नं. ९ का खरिदार खल बहादुर खड्काले आ.ब २०७५।७६ मा राजश्व संकलनका लागि ७ ठेली नगदी रसिद लगेकोमा ६ ठेली बरावरको रु ७१,२००।०० मात्र बैंक दाखिला गरेको देखियो। लेखापरीक्षणको क्रममा नगदी रसिद जांच गर्दा १ ठेली नगदी रसिद पेश नगरेको हुंदा उक्त नगदी रसिदको आम्दानी के कति भएको थियो भन्ने कुरा एकिन गर्न सकिएन। विवरणबाट उक्त ठेलीबाट प्राप्त रु १४६५०। आम्दानी गरेको जनाएतापनि उक्त रकम दाखिला गरेको देखिएन। तसर्थ उक्त नगदी रसिद प्राप्त गरी उक्त राजश्व एकिन गरी दाखिला गर्नुपर्ने देखिएको रु.... | १४,६५०.०० |
| ७७. | **<u>आन्तरिक आयतर्फ</u>**<br>यो वर्ष कार्यपालिकाले भेरी नगरपालीका क्षेत्र भित्र पर्ने रिम्ना दोभान देखि वडा नं.१० को सिम्ले होलुखोला दोभान, पासागाउ, बुङ्गे खोला, रमाले खोला लगायतका १३ स्थानबाट ढुङ्गा, गिटी, वालुवा, माटो उत्खनन तथा वितरणको लागी न्युनतम रु १० लाख कवोल अंक कायम गरि आय ठेक्का लगाएकोमा मुक्ति बस्नेत निर्माण सेवाको रु १००२०००। को कवोल अंक स्वीकृत भई ०७५।०५।२० मा ०७६।०३।१५ सम्मको लागि संझौता गरेकोमा निम्न व्यहोरा देखिएका छन्।<br>१) मु.अ.कर ऐन २०५२ अनुसार आय ठेक्कामा कवोल अंकको १३% ले हुने मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा नगरेकोले रु १००२०००। को १३ प्रतिशतले हुने रकम असुल गरी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु........<br>२) मिति ०७३।०९।२४ को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार तोकिएको परिमाणमा कुन स्थानबाट के कति परिमाणमा उत्खनन तथा वितरण गर्न पाउने एकिन नगरी संझौता गरेकोले उत्खनन वितरणमा अनियन्त्रित अवस्था देखियो।<br>३) कार्यालयबाट प्रमाणीत रसिदको प्रयोग गरि निकासी वा वितरण गर्नुपर्नेमा कार्यालयले त्यसको अभिलेख र अनुगमनको व्यवस्था नगरेको।<br>४) किस्ता रकम ०७६।०३।१५ भित्र दाखिला गर्नुपर्नेमा रु ६,००,०००। को २०७६ भाद्रमा दाखिला हुदा व्याज असुल नगरेको।<br>उल्लेखित व्यहोरा बाट आय ठेक्का नियम सम्मत भएको देखिएन। | १३०२६० |

अनुसुची: १

## भेरी नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**कर्णाली प्रदेश** (रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | भेरी नगरपालिका | जाजरकोट | ४८२७० | ११४८०० | ४३४३६८ | १३९८ | ५५०५६६ | ४०८२९६ | ११३४७८ | ५१४५ | ५२६९१९ | ७१९१७ |

अनुसुची: २

## भेरी नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | जाजरकोट | भेरी नगरपालिका | ३५ | ४९ | १५६४२ | ० | ३७ | ६१५७ | ३५ | १२ | ९४८५ | १२०२ | ४६२६ | २९३९ | ० | ० | ७५६५ | १५ | ७०३ | ७१८ |

अनुसुची: ३

## भेरी नगरपालिकाका अद्यावधिक वेरुजू स्थिति

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | भेरी नगरपालिका | जाजरकोट | १२६६२ | १०३६० | २३०२ | ० | ९४८५ | ११७८७ |